# गृह मन्त्रालयको सूचना

गृ. १ ७२ फु. ८२६८ ७४–१०–०११

सरहद र देश विदेशका समेत विभिन्न पत्र पत्रिकाका प्रतिनिधिहरू हौं भनी मन्त्रालय श्री माननीय मन्त्रीजी समेत छेउआई समाचार संग्रह गर्न आउने गरेको, तर एकादजनाबाहेक अरू विभिन्न पत्र पत्रिकाका प्रतिनिधि हुन होइनन् भन्ने राम्रो थाहा नभएको, जो कोहीले पनि फलाना पत्र या पत्रिकाको प्रतिनिधि हूँ भनी समाचार सग्रह संकलन गर्न आउन सक्ने, त्यसरी आएकालाई समाचार दिंदा पनि जो कोहीले पाउने र दिने गर्न पर्ने, नदिए पनि साँचैनै मनोनीत प्रतिनिधिले नपाई समाचार प्रचारमा बाधा पनि पर्न आउने भएकोले अबलाई निम्न लिखितबमोजिम रीत पुऱ्याई विभिन्न पत्रपत्रिकाका मनोनीत प्रतिनिधिहरुको गृहमन्त्रालय प्रचार विभागमा दर्ता गराई हाम्रो सरकार तरफको निस्सा लगाई प्रमाणपत्र (सर्टिफिकेट) गरी दिने व्यवस्था हुने भएकोले यो सूचना प्रकाशित गरिएको छ। संबन्धित व्यक्तहरूले १ महिनाभित्र तल उल्लेख गरिएअनुसार रीतपूर्वक आवेदनपत्र पेश गरी प्रमाण पत्र लिने काम गर्नुहोला।

१. सरहद वा देश विदेशका समेत पत्र पत्रिकाका प्रतिनिधिहरुले आफ्नु जुन पत्र वा पत्रिकाको प्रतिनिधी हुनु हुन्छ, त्यसको मेनेजिंग डाइरेक्टर वा मेनेजरको फलाना यो पत्रको मनोनीत प्रतिनिधि हुनु हुन्छ, भन्ने प्रमाणपत्र लौ गृहमन्त्रालय (पब्लिसिटी) विभागमा आई उक्त पत्रका प्रतिनिधि भै काम गर्ने इजाजत पाऊँ भन दरखास्त दिनुपर्छ। उक्त मन्त्रालय र विभागबाट त्यस्तो दरखास्त पर्न आएमा दरखास्तवालाको चाल चलन बुझी असल चाल चलनको व्यक्ति देखिएमा दरखास्तवालालाई पत्र पत्रिकाको प्रतिनिधि भै काम गर्न पाउने गरी निस्सा लगाई प्रमाणपत्र दिइनेछ।

२६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. यो प्रमाण पत्र वर्ष एकसम्म बहाल रहनेछ। म्याद पुगेपछि बहाल गराई लिनुपर्छ, बहाल ( रिन्यू ) गरी दिंदा वर्ष एकको निमित्त मात्र गरी दिइनेछ।

३. प्रमाण पत्र भै गएपछि फलाना फलाना यो यो पत्रको प्रतिनिधित्व गर्न पाउने गरी प्रमाण पत्र भै गएको भनी पत्र पत्रीका, प्रतिनिधि हुनेको नाम र प्रमाण पत्र भै गएको मिति समेत खुलाई दर्ता किताप खडा गरी राखी म्याद भुक्तान भै बहाल ( रिन्यू ) भएकोमा यो मितिमा बहाल ( रिन्यू ) भै गएको भन्ने जनाई राखिनेछ।

४. बिच बिचमा बहाल ( रिन्यू ) गर्दा झन्झट पर्ने हुँदा शुरुमा जुन मितिमा प्रमाण पत्र दिइएमा पनि सो सालको चैत्र मसान्त सम्मलाई मात्र प्रमाण पत्र दिने र बहाल गर्दा बहाल गरेको सालको चैत्र मसान्ततकलाई मात्र गरीदिइनेछ।

५. उपर्युक्त प्रमाणपत्र प्राप्त पत्र पत्रिकाका प्रतिनिधीहरुलाई सो प्रमाण पत्र देखिएपछी मनाही भएको ठाउँ जरतैजंगी छावनी, राजदरवार इत्याद बाहेक रोकटोक हुन नपाउने र सो निस्सा देखाएमा राती पैरोल नभए पनि छाडी दिने तर सो कुराको रिपोर्ट पुलीसले गर्ने, गए आएको ठाउँ भने बताउनुपर्ने सुविधा प्रदान गरिनेछ।

आज्ञाले—
नीरराज,
सेक्रेटरी—गृहमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी

२६२
आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग